**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ११ जुलाई २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज बारुइपुरमा दुष्कर्म औ हत्याका शिकार बनेका नाबालिकाको परिवार अनि मब लिन्चिङ्गमा मारिका युवक इन्द्रजीत मण्डलको परिवारसित भेट गर्नुभयो।
- मुख्यमंत्री शुभेंदु अधिकारीले राज्यभरिनै अवैध रक्सी , गांजा, चरस अनि अन्य मादक पर्दार्थको अड्डाहरु बिरुद्ध दुई सप्ताहको विशेष अभियान चलाउने निर्देश दिनुभएको छ।
- गोरखाल्याण्ड निर्माण समूहले आज दार्जिलिङका विभिन्न स्थानीय राजनीतिक दलहरूको सहभागितामा सर्वदलीय बैठक आयोजना गर्यो।
- ८० औं स्वतन्त्रता दिवस फूटबल अनि म्याराथान दौड प्रतियोगिता विषयलाई लिएर खरसाङ महकुमा खेलकुद संघको एउटा महत्वपूर्ण सभा सम्पन्न भएको छ।
- पश्चिम बंगालमा मानसून पूर्णरुपमा सक्रिय छ , यसको प्रभावले राज्यको अधिकांश भागहरुमा आगामी 24 देखि 48 घन्टाको अवधि हल्का देखि मध्यम तथा केहि स्थानहरुमा भारी वर्षा हुने संभावना छ।

**बारूइपुर- मुख्यमन्त्री शुभेन्दु**

पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज दक्षिण 24 परगनाको बारुइपुरस्थित सूर्यपुरमा दुष्कर्म औ हत्याका शिकार बनेका नाबालिकाको परिवार अनि मब लिन्चिङ्गमा मारिका युवक इन्द्रजीत मण्डलको परिवारसित भेट गर्नुभयो। मुख्यमन्त्रीले मब लिन्चिङ्गमा ज्यान गुमाउने युवकको परिवारलाई 25 लाख रुपियाँको आर्थिक सहयोगस्वरूप चेक प्रदान गर्नुभयो साथै युवकको दाज्युलाई सिभिक भोलन्टियरमा नोकरी दिने घोषणा गर्नुभयो। सरकार नाबालिकाको पीड़िता परिवारको साथमा रहेको मुख्यमन्त्रीले बताउनुभयो। यस अवसरमा मुख्यमन्त्रीले सूर्यपुरमा स्थापित नयाँ पुलिस चौकीको उद्घाटन पनि गर्नुभयो। पीड़िताको परिवारले गत मङ्गलवार उहाँसित यस क्षेत्रमा पुलिस चौकी स्थापना गर्ने अनुरोध गरेका थिए र मात्र चार दिनभित्रमा यसलाई शुरू गरिएको छ। उहाले भन्नुभयो - दुष्कर्म-हत्या अनि मब लिन्चिङ्ग दुवै मामिलामा दोषीहरूलाई कानून अनुसार कड़ाभन्दा कड़ा सजाय दिइनेछ। मुख्यमन्त्रीले अझ भन्नुभयो - नाबालिकासित भएको बर्बर घटना पश्चात उसको परिवारले जाँचमा पूर्ण सहयोग गरेको छ , सिकायतमा दर्ता चार जना आरोपीहरूलाई पुलिसले पक्राउ गरिसकेको छ। केही आरोपीहरू बसिरहाटको बाटो भएर बङ्गलादेशको सीमासम्म पुगेका थिए, तर उनीहरूलाई पनि समातिएको छ। उहाले बारूइपुर पुलिसको कार्यवाहीको सराहना गर्दै भन्नुभयो - मब लिन्चिङ्गसित सम्बन्धित मामिलाको जाँच सीआईडीले गरिरहेको छ, र त्यसैले यसमाथि उहाले कुनै टिप्पणी गर्न चाहँनुभएन।

**शुभेंदु अधिकारी – निर्देश**

बारुईपुरको सूर्यपुरमा नाबालिगसित सामूहिक दुष्कर्म अनि हत्याको घटना पछि पश्चिम बंगालका मुख्यमंत्री शुभेंदु अधिकारीले राज्यभरिनै अवैध रकसी , गांजा, चरस अनि अन्य मादक पर्दार्थको अड्डाहरु बिरुद्ध दुई सप्ताहको विशेष अभियान चलाउने निर्देश दिनुभएको छ। उहाले भन्नुभयो – यस्ता जघन्य अपराधको पछि अवैध अद्दहरुको थलो भूमिका रहेको छ अनि यसलाई जराबाटै समाप्त गर्नु आवश्यक छ। मुख्यमंत्रीले राज्यका पुलिस महानिदेशक सिद्धनाथ गुप्ता अनि वरिष्ठ पुलिस अधिकारिहरुको उपस्थितिमा आगामी दुई सप्ताह सम्म राज्यव्यापी विशेष अभियान चलाउने निर्देश दिनुभयो। उहाले आम मानिसहरुसित आफ्नो इलाकामा अवैध मादक पर्दार्थहरुको अड्डाको जानकारी भए तुरन्तै पुलिसलाई सूचना दिने अपिल गर्नुभएको छ। उहाले भन्नुभयो - केवल रेलवे स्टेशन अनि बस अड्डाहरुमा कार्रवाही पर्याप्त छैन तर ग्रामीण क्षेत्रहरुबाट पनि यस सामाजिक कलंकलाई पूर्णरुपमा समाप्त

गर्नु पर्नेछ ताकि समाज अनि भावी पीढ़िलाई नशाको दुष्प्रभावबाट बचाउन सकियोस् ।

## सर्वदलीय बैठक

गोरखाल्याण्ड निर्माण समूहले आज दार्जिलिङका विभिन्न स्थानीय राजनीतिक दलहरूको सहभागितामा सर्वदलीय बैठक आयोजना गर्यो। बैठकमा दार्जिलिङको वर्तमान राजनीतिक अवस्थाबारे विस्तृत छलफल गर्दै गोरखाल्याण्ड गठनको एकसूत्रीय एजेन्डालाई सफल बनाउन सबै दललाई एकजुट गराउने विषयमा जोड दिइएको थियो। बैठकको मुख्य उद्देश्य स्थानीय राजनीतिक दलका अध्यक्ष तथा सचिवहरूबीच विश्वासको वातावरण सिर्जना गर्दै आगामी संसदको मनसुन अधिवेशनमा गोरखाल्याण्ड विधेयक पेश गर्न संयुक्त प्रस्ताव तयार गर्ने सहमति जुटाउनु रहेको बताइएको छ। यसै सन्दर्भमा दार्जिलिङका सांसद राजु विष्टले गोरखाल्याण्ड निर्माण समूहका प्रतिनिधिहरूसँग भेटवार्ताका लागि सहमति जनाउँदै आगामी १३ जुलाईको समय दिएका छन्। त्येस भेटमा गोरखाल्याण्ड विधेयक र त्यस सम्बन्धी भावी रणनीतिबारे छलफल हुने अपेक्षा गरिएको छ। यस विषयमा गोरखाल्याण्ड निर्माण समूह, दार्जिलिङका सदस्य वीरेन्द्र रासाइलीले विस्तृत रूपमा जानकारी दिएका छन्।

## पश्चिम् बंग आगनवाडी कर्मी

पश्चिम् बंग आगनवाडी कर्मी एवं साहयिका कल्याण समिति मिरिक ब्लक कमिटीको महत्त्वपूर्ण सभा मिरिकमा सम्पन्न भएको छ। गणिता गुरुङको अध्यक्षतामा सम्पन्न सभालाई सम्बोधन गर्दै समितिका मिरिक नगरपालिका क्षेत्र अध्यक्ष एस्तर थापाले आगनवाडी कर्मी एवं साहयिकाहरुको हक अधिकारको निम्ति एकजुटता अति आवश्यक रहेको र समितिले निरन्तर अधिकारको लडाइँ लडिरहने बताउनु भयो। उहाले आगनवाडी कर्मी एवं साहयिकाहरुले भोग्दै आईरहेको समस्याहरुलाई सम्बोधन गर्न केन्द्र सरकार अनि राज्य सरकारको ध्यानाकर्षण गराउदै बर्तमान राज्य सरकारले आगनवाडी कर्मी एवं साहयिकाहरुको बेतन वृद्धि गरिदिएकोमा आभार प्रकट गर्नुभएको छ । सभामा समितिमा मिरिक खण्डका तीन वटा ग्राम पञ्चायतका आगनवाडी कर्मी एवं साहयिकाहरुले प्रवेश गरेका छन् ।

## ८० औं स्वतन्त्रता दिवस- सभा

८० औं स्वतन्त्रता दिवस फूटबल अनि म्याराथान दौड प्रतियोगिता विषयलाई लिएर खरसाङ महकुमा खेलकुद संघको एउटा महत्वपूर्ण सभा संघको कार्यालयमा संघका अध्यक्ष मोहन योञ्जनको अध्यक्ष्यतामा सम्पन्न भएको छ । सभामा सर्व सम्मतिले स्वतन्त्रता दिवस फूटबल अनि म्याराथान दौड प्रतियोगिता आयोजना गर्ने निर्णय लिइयो जसमा यस वर्षदेखि महिला अनि पुरुष वर्गका विजेताहरुको विजयी पारितोषिक नगद राशिमा पनि वृद्धि गरेको छ। यस वर्ष यी दुवै वर्गका बिजेताहरुले आकर्षक ट्रफी अनि मेडलको साथ् क्रमशः 20 हजार, 10 हजार अनि 5 हजार रुपियाँ नगद राशि पाउनेछन भने चौथो स्थानदेखि 10 औं स्थानमा आउने प्रतियोगीहरुले पनि मेडल अनि प्रमाण पत्रको साथमा एक हजार रुपियाँ पाउने छन्। यसको साथै प्रत्येक प्रतियोगीहरुलाई आयोजक समितिको तर्फबाट मेडल, टि शर्ट अनि प्रमाण पत्र, दिइने छ।यसमा भाग लिने इच्छुक प्रतियोगीहरुले पंजीकरण शुल्क रु 600 बुझाउनु पर्नेछ। जसलाई अनलाइन अनि ऑफ़ लाइन प्रक्रिया मार्फत बुझाउनु सकिने छ। उसरी नै 80 औ स्वतन्त्रता दिवस फूटबलमा भाग लिने इच्छुक क्लब, स्कूल आदिले आगामी 31 जुलाईभित्र आ आफ्नो नाम दर्ता गराई सक्नु पर्ने संघका महा सचिव निर्मल गुरुङले जानकारी दिएका छन्।

## लोकार्पण

खरसाङका नारी स्रष्टा, साहित्य अकादेमी नेपाली भाषा परामर्श समितिका सदस्य एंव गोर्खा सांस्कृतिक संस्थान् खरसाङका अध्यक्ष डा आशा मुखिया लामाद्वारा सम्पादित पूर्ण गुरुङ 'निरुपम' अभिनन्दन ग्रन्थ पूर्ण परिचय लोकार्पण गरिएको छ। यस अभिनन्दन ग्रन्थको लोकार्पण गोर्खा जनपुस्तकालय खरसाङको डा पारसमणि प्रधान प्रेक्षागृहमा सम्पन्न भएको छ।कार्यक्रमको अध्यक्षता वरिष्ठ साहित्यकार जीबी बलले गर्नुभएको थियो भने प्रमुख अतिथिको रुपमा वरिष्ठ साहित्यकार राजु प्रधान 'हिमांशु' उपस्थित रहेका थिए। गोमा सुब्बाद्वारा सञ्चालित यस कार्यक्रममा स्वागत सम्भाषण ज्ञानकुञ्ज बुक्स खरसाङका निर्देशक सञ्जीव छेत्रीले राखेका थिए। यसै कार्यक्रममा डा आशा मुखिया लामाद्वारा सम्पादित पूर्ण गुरुङ 'निरुपम' अभिनन्दन ग्रन्थ 'पूर्ण परिचय' को लोकार्पण सभाध्यक्ष वरिष्ठ साहित्यकार जीबी बल, प्रमुख अतिथि वरिष्ठ साहित्यकार राजु प्रधान 'हिमांशु', विशिष्ट अतिथिहरु

क्रमैले सोनादा डिग्री कलेजका प्राचार्य डा योगेस खाती, पूर्ण गुरुङ 'निरुपम', मुक्ति बराल उपाद्यय, शताब्दी पुरुष डीएस दर्नाल, गोर्खा जनपुस्तकालय खरसाङका अध्यक्ष रबीनकुमार प्रधान सम्पादिका आशा मुखिया लामा आदिको बाहुलीबाट विधिवत् रूपमा लोकार्पण गरियो।

## श्री शिव महापुरण ज्ञानयज्ञ

बिगत दुई बर्षको अपार सफलतापछि आगामी १० अगस्ट देखि २० अगस्ट सम्म बिहिबारे, रेलिङमा एघारे दिने श्री शिव महापुरण ज्ञानयज्ञ एवम तेस्रो तथा समापन बर्षको महापुरण हुने भएको छ। महापुरणमा प्रख्यात कथावाचक पण्डित उदयचन्द्र दाहालद्वारा दिव्य कथा प्रवचन हुनेछ भने गोपाल वशिष्ठ एवम् भजन टोलीद्वारा विशेष भक्तिमय प्रस्तुति रहेनछ। एस बिषयमा आयोजक समितिको पक्षबाट डा० कमल पोखरेलले जानकारी गराएका छन्।

## मौसम

पश्चिम बंगालमा मानसून पूर्णरुपमा सक्रिय छ , यसको प्रभावले राज्यको अधिकांश भागहरुमा आगामी 24 देखि 48 घन्टाको अवधि हल्का देखि मध्यम तथा केहि स्थानहरुमा भारी वर्षा हुने संभावना छ। भारतीय मौसम विभागका अनुसार, उत्तर बंगालको पर्वतीय जिल्लाहरुमा मुसलधारे वर्षाको क्रम जारी रहनेछ।उत्तर बंगालको जिल्लाहरुमा मानसूनको सक्रियता सबैभन्दा अधिक देखिंदैछ। अलीपुरद्वार, जलपाईगडी अनि कूचबिहार जिल्लाको केहि स्थानहरुमा अत्यधिक भारी वर्षालाई लिएर सतर्कता जारी गरिएको छ। दार्जिलिंग, कालेबुंग , अलीपुरद्वार, जलपाईगडी तथा कूचबिहार जिल्लाहरुमा लगातार भैरहेको वर्षाको कारण नदीहरुको जलस्तर बढेको छ। प्रशासनले दार्जिलिंग अनि कालेबुंगको संवेदनशील पर्वतीय मार्गहरुमा पहिरोको आशंकालाई ध्यानमा राख्दै पर्यटकहरु तथा स्थानीय निवासिहरुलाई सतर्क रहने सल्लाह दिएको छ। मालदा तथा उत्तर एवं दक्षिण दिनाजपुर जिल्लाहरुमा पनि गर्जन साथ वर्षा हुने संभावनाछ।

**********